# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, चैत २६ गते २०४६ साल ( अतिरिक्ताङ्क ६७

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट लोक सम्मतिमा आधारित राजनैतिक परम्परा र प्रजातन्त्रको आदर्शलाई नै व्यवस्थाको मूल आधार मानी समय समयमा राजनैतिक सुधार गरिबक्सँदै आएको कुरा सबैमा विदितै छ ।

आजको अन्तर्राष्ट्रिय वातावरण र नेपालीहरूको एकतालाई समेत विचार गरी नेपालीहरूकै वर्तमान चाहना अनुसार नेपालको संविधान २०१९ मा रहेको "दलविहीन" शब्द हटाई तदनुसार समाजका विभिन्न विचारधारा प्रतिविम्बित हुने गरी संविधान सुधार सुझाव आयोगले सुझाव लिई मौसूफका हजूरमा प्रतिवेदन जाहेर गर्नेछ ।

साथै नेपालमा हाल लागिरहेको दलमाथिको प्रतिबन्ध पनि हटाई बक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

563

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ